लोक सेवा आयोग
राष्ट्रिय बीमा कम्पनी लिमिटेड, प्रशासन, चौथो, सहायक "ख" पदको खुला प्रतियोगितात्मक
लिखित परीक्षा
२०८१।०६।०६

पत्र : प्रथम
समय : २ घण्टा ३० मिनेट

**KEY [D]**

पूर्णाङ्क : १००

विषय : सामान्य ज्ञान, अर्थशास्त्र र व्यवस्थापन

उत्तरपुस्तिकामा प्रश्नपत्रको **KEY** अनिवार्य रूपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षामा **calculator, mobile** प्रयोग गर्न पाइनेछैन ।

<u>वस्तुगत</u>

समय : ४५ मिनेट

<u>वस्तुगत बहुउत्तर</u>

अङ्क : ५०×१=५०

1. नेपालमा सार्वजनिक संस्थानलाई कति क्षेत्रमा वर्गीकरण गरिएको छ?
   A) ६ B) ७ C) ८ D) ९
2. नेपालको कुल आयकरमा आ.व. २०७९/८० को सार्वजनिक संस्थानतर्फको योगदान कति प्रतिशत रहेको छ?
   A) ५.५९ B) ५.९५ C) ६.७९ D) ६.९७
3. राष्ट्रिय बीमा नीति कहिले देखि कार्यान्वयनमा आएको हो?
   A) वि.सं. २०७८ B) वि.सं. २०७९ C) वि.सं. २०८० D) वि.सं. २०८१
4. कुनै बीमा कम्पनीले नयाँ शाखा खोल्नु पर्दा कुन निकायको पूर्व स्वीकृति लिनु आवश्यक पर्दछ?
   A) नेपाल राष्ट्र बैंक B) अर्थ मन्त्रालय
   C) नेपाल बीमा प्राधिकरण D) नेपाल सरकार
5. आधुनिक बीमाको सुरूवात कुन देशबाट भएको हो?
   A) बेलायत B) इटाली C) फ्रान्स D) चीन
6. बीमा ऐन, २०७९ अनुसार बीमा व्यवसायलाई कति प्रकारमा विभाजन गरिएको छ?
   A) ३ B) ४ C) ५ D) ६
7. नेपालको पहिलो बीमा कम्पनी नेपाल माल चलानी तथा बीमा कम्पनी को स्थापना कहिले भएको थियो?
   A) वि.सं. २००४ वैशाख ८ B) वि.सं. २००४ असोज ८
   C) वि.सं. २००५ कार्तिक १८ D) वि.सं. २००७ वैशाख ८
8. बीमाका प्रमुख सिद्धान्त तलका मध्ये कुन <u>होइन</u>?
   A) क्षतिपूर्तिको सिद्धान्त B) योगदानको सिद्धान्त
   C) समन्वयको सिद्धान्त D) बीमायोग्य हितको सिद्धान्त
9. बीमा पोलिसी रद्द गर्दा फिर्ता पाइने रकमलाई के भनिन्छ?
   A) प्रिमियम शुल्क B) पेडअप भ्यालु C) सरेण्डर भ्यालु D) बोनस रकम
10. तलका मध्ये बीमा मध्यस्थकर्ता को <u>होइन</u>?
    A) बीमा अभिकर्ता B) बीमा सर्भेयर C) बीमक D) बीमा दलाल
11. तलका मध्ये एप्लिकेशन सफ्टवेयर कुन हो?
    A) MS Word B) MS DOS C) MS Windows D) Linux
12. कम्प्युटरमा प्रयोग हुने गणितीय प्रणाली कुन हो?
    A) Decimal system B) Microsoft system C) Roman system D) Binary system
13. Volatile Memory भन्नाले के लाई बुझाउँछ?
    A) Magnetic Tape B) RAM C) ROM D) Control Unit

EDUCATENEPAL
www.educatenepal.com

14. विश्वको सबैभन्दा ठूलो ताल कुन हो?
A) सुपेरियर B) भिक्टोरिया C) बैकाल D) क्यारापियन

15. तल दिइएका मध्ये कुन देश भूपरिवेष्टित होइन?
A) मंगोलिया B) लाओस C) अफगानिस्तान D) मलेशिया

16. ०° अक्षांश रेखालाई भूमध्यरेखा भनिन्छ भने ०° देशान्तर रेखालाई के भनिन्छ?
A) प्रधानमध्यान्ह रेखा B) देशान्तर रेखा C) कर्कट रेखा D) मकर रेखा

17. माउन्ट किलिमन्जरो कुन महादेशको सर्वोच्च शिखर हो?
A) युरोप B) अफ्रिका C) उत्तर अमेरिका D) अष्ट्रेलिया

18. राष्ट्रसंघ (League of Nations) को स्थापना कहिले भएको थियो?
A) १ जनवरी, १९२० B) १० जनवरी, १९२० C) १ फेब्रुअरी, १९२० D) १० फेब्रुअरी, १९२०

19. विश्व इतिहासमा प्रथम विश्वयुद्धको अन्त्य कुन सन्धिबाट भएको थियो?
A) भर्सेलिज सन्धि B) बर्लिन सन्धि C) पेरिस सन्धि D) भियना सन्धि

20. म्याग्नाकार्टा कुन भाषामा लेखिएको थियो?
A) अंग्रेजी B) फ्रेन्च C) ल्याटिन D) ग्रीक

21. स्वतन्त्र भारतका प्रथम गभर्नर जनरल को थिए?
A) लर्ड म्याकिङ्ले B) लर्ड लिट्टन C) लर्ड माउन्ट बेटन D) मोहम्मद अलि जिन्हा

22. काठमाडौं उपत्यकाको विभाजन पूर्वका अन्तिम मल्ल राजा तलका मध्ये को थिए?
A) यक्ष मल्ल B) रत्न मल्ल C) महिन्द्र मल्ल D) जयस्थिति मल्ल

23. नेपालको प्रथम महिला न्यायाधीश को हुन्?
A) शारदा श्रेष्ठ B) सुशिला सिंह C) सुप्रभा घिमिरे D) साधनादेवी प्रधान

24. लिच्छविकालमा पसलमा लगाइने करलाई के भनिन्थ्यो?
A) सुकरकर B) मल्लकर C) चैलकर D) आपणकर

25. तराईको उत्तर र चुरे पर्वतमालाको दक्षिणमा समुन्द्री सतहदेखि ३८० मिटरको उचाईसम्म फैलिएको क्षेत्रलाई के भनिन्छ?
A) तराई क्षेत्र B) भित्री मधेश C) भावर क्षेत्र D) चुरे क्षेत्र

26. 'खेताला' कुन साहित्यकारको उपनाम हो?
A) फणीन्द्रराज भट्टराई B) विष्णुभक्त दुलाल C) भुवनबहादुर थापा D) कृष्णमुरारी गौतम

27. कुन जातिको पुरोहितलाई पोम्वा भनिन्छ?
A) कोचे B) जिरेल C) धिमाल D) सुरेल

28. जनकपुरको प्रसिद्ध जानकी मन्दिर कुन शैलीमा निर्माण भएको मन्दिर हो?
A) प्योगाडा शैली B) चैत्य शैली C) शिखर शैली D) मुगल शैली

29. इन्द्रजात्रा पर्व कुन तिथिमा मनाइन्छ?
A) भाद्र शुक्ल प्रतिपदा B) भाद्र शुक्ल द्वितीया
C) भाद्र शुक्ल एकादशी D) भाद्र शुक्ल चतुर्दशी

30. संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्मा ल्याटिन अमेरिकी राष्ट्रहरूबाट कति राष्ट्र छानिन्छन्?
A) ६ B) १० C) ११ D) १४

31. सार्क सम्बन्धी तलका मध्ये कुन कथन गलत छ?
A) सार्कको स्थापना सन् १९८५ डिसेम्बर ८ मा भएको हो
B) सार्कको महासचिवको कार्यकाल ३ वर्षको हुन्छ
C) सार्क बडापत्रमा नेपालको तर्फबाट राजा वीरेन्द्रले हस्ताक्षर गरेका थिए
D) सार्क बडापत्रमा ३० धारा रहेका छन्

32. नेपालले BIMSTEC को सदस्यता औपचारिक रूपमा कहिले प्राप्त गरेको हो?
   A) सन् २००३ फेब्रुअरी १५
   B) [illegible]
   C) सन् २००७ फेब्रुअरी १
   D) [illegible]

33. तलका मध्ये कुन ग्यास ओजोन तह विनाशको प्रमुख कारकका रूपमा रहेको छ?
   A) सल्फर डाइअक्साइड  B) क्लोरोफ्लोरो कार्बन  C) मिथेन  D) कार्बन डाइअक्साइड

34. Green Peace को स्थापना कहिले भएको हो?
   A) सन् १९२६  B) सन् १९७१  C) सन् १९८३  D) सन् १९८५

35. नेपाललाई कहिलेसम्म उच्च मध्यम आय भएको मुलुक बनाउने दीर्घकालीन लक्ष्य लिइएको छ?
   A) सन् २०३०  B) सन् २०३८  C) सन् २०४३  D) सन् २०५०

36. राष्ट्रिय जनगणना, २०७८ अनुसार सबैभन्दा कम वार्षिक औसत जनसंख्या वृद्धिदर भएको जिल्ला तलका मध्ये कुन हो?
   A) दोलखा  B) सिन्धुली  C) रामेछाप  D) सिन्धुपाल्चोक

37. एक मानिसको मुटु अर्को मानिसमा सर्वप्रथम सफलतापूर्वक प्रत्यारोपण गर्ने व्यक्ति को हुन्?
   A) रोबर्ट कुक  B) क्रिश्चियन बर्नार्ड  C) रोनाल्ड रस  D) जोसेफ लिस्टर

EDUCATENEPAL
www.educatenepal.com

38. मानव शरीरको विकासका लागि आवश्यक विभिन्न भिटामिनहरू मध्ये कुन भिटामिनमा कोबाल्ट तत्व पाइन्छ?
   A) भिटामिन B6  B) भिटामिन K  C) भिटामिन B12  D) भिटामिन E

39. राष्ट्रिय विज्ञान दिवस, २०८१ को नारा के रहेको छ?
   A) विज्ञान साक्षरता र उद्यमशीलता : सबल अर्थतन्त्रको आधारशिला
   B) विज्ञान र प्रविधिमा लगानीको विस्तार : समुन्नति र समृद्धिको आधार
   C) ज्ञान तथा प्रविधिको उन्नत विकास : प्रकोप र महामारीबाट सहज निकास
   D) विज्ञान तथा प्रविधि : विकास र उत्पादन वृद्धि

40. नेपाललाई कहिले कुष्ठरोगमुक्त देश घोषणा गरिएको हो?
   A) विसं २०६४ वैशाख १
   B) विसं २०६६ वैशाख ५
   C) विसं २०६६ माघ ५
   D) विसं २०६७ फागुन १

41. नेपाल जीवनस्तर सर्वेक्षण २०२२/२३ अनुसार प्रदेशगत रूपमा सबैभन्दा धेरै पुरुष साक्षरतादर भएको प्रदेश कुन हो?
   A) मधेश  B) कोशी  C) बागमती  D) गण्डकी

42. पेरिस ओलम्पिक, २०२४ मा पुरुष फुटबलतर्फको स्वर्णपदक जित्न सफल राष्ट्र कुन हो?
   A) फ्रान्स  B) स्पेन  C) इङ्ल्याण्ड  D) जर्मनी

43. स्विट्जरल्याण्डमा हालै सम्पन्न प्रतिष्ठित लोकार्नो फिल्म फेस्टिभलमा उत्कृष्ट अभिनयका लागि बोक्कालिनो डीओर अवार्ड जित्न सफल नेपाली अभिनेत्री को हुन्?
   A) थिन्ले ल्होमो  B) रिना मोक्तान  C) रिश्मा गुरुङ  D) मिरुना मगर

44. मदन पुरस्कार, २०८० प्राप्त गर्ने कृति तलका मध्ये कुन हो?
   A) डम्फुको आत्मालाप  B) मुकाम रणमैदान  C) नुन-तेल  D) भावलिपी

45. नेपालको संविधानमा राष्ट्रिय गानको व्यवस्था कुन अनुसूचीमा गरिएको छ?
   A) अनुसूची १  B) अनुसूची २  C) अनुसूची ३  D) अनुसूची ५

46. देहायका मध्ये कुन आयोग संवैधानिक निकाय <u>होइन</u>?
   A) राष्ट्रिय मानव अधिकार आयोग
   B) राष्ट्रिय समावेशी आयोग
   C) राष्ट्रिय महिला आयोग
   D) राष्ट्रिय सूचना आयोग

क्रमशः

47. नेपालको संविधानबमोजिम राष्ट्रपति र उपराष्ट्रपति दुवैको पद रिक्त भएमा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन भइ कार्यभार नसम्हालेसम्म संविधानबमोजिम राष्ट्रपतिबाट गरिने कार्य कसले सम्पादन गर्ने व्यवस्था रहेको छ?

A) प्रधानमन्त्री
B) प्रधानन्यायाधीश
C) प्रतिनिधि सभाको सभामुख
D) राष्ट्रिय सभाको अध्यक्ष

48. राष्ट्रिय मान्यता प्राप्त दल बन्नका लागि कति मत र सिट प्राप्त गर्नुपर्ने व्यवस्था रहेको छ?

A) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ कम्तीमा एक सिटमा विजयी भइ समानुपातिक प्रणालीतर्फ एक प्रतिशत मत प्राप्त गरेको
B) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ कम्तीमा एक सिटमा विजयी भइ समानुपातिक प्रणालीतर्फ तीन प्रतिशत मत प्राप्त गरेको
C) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ कम्तीमा दुई सिटमा विजयी भइ समानुपातिक प्रणालीतर्फ एक प्रतिशत मत प्राप्त गरेको
D) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ कम्तीमा दुई सिटमा विजयी भइ समानुपातिक प्रणालीतर्फ दुई प्रतिशत मत प्राप्त गरेको

EDUCATENEPAL
www.educatenepal.com

49. आर्थिक वर्ष २०७९/८० मा सबभन्दा उच्च खुद नाफा (Net Profit) आर्जन गर्ने सार्वजनिक संस्थान तलका मध्ये कुन थियो?

A) नेपाल आयल निगम
B) नेपाल विद्युत प्राधिकरण
C) नागरिक लगानी कोष
D) नेपाल दूरसञ्चार प्राधिकरण

50. सार्वजनिक संस्थान स्थापना गर्नुको उद्देश्य कुन होइन?

A) रोजगारी सृजना गर्नु
B) आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धन गर्नु
C) विकासका पूर्वाधारहरु तयार गर्नु
D) निजी क्षेत्रको नाफा घटाउनु

:: समाप्त ::

उत्तरपुस्तिकामा KEY अनिवार्य रूपमा लेख्नुहोला ।